का.जि.प्र.का.द.नं. १००/०५९/६०
❐ वर्ष १८, अंक १०३
❐ २१ जेठ २०७७, बुधबार
❐ 3 June 2020, Wednesday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-


# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक


| अपडेट: मंगलबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | २०९९ जना | २६६ जना | ७५३४३ | १८२५ | ८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ६४ लाख ६ हजार | २९ लाख ३४ हजार | ३ लाख ७८ हजार | ३० लाख ९३ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# फेरिंदै लकडाउनको मोडालिटी

■ बुधबार विज्ञहरुसँग प्रधानमन्त्रीको छलफल ■ मंगलबार तीन सय नजिक संख्यामा संक्रमित पुष्टि

**कोभिड महामारीको रोकथामका लागि गएको चैत ११ गते देखि लागू गरिएको लकडाउनको मोडालिटी फेर्ने तयारी सरकारले गरेको छ । पटक-पटक थपिदै आएको देशब्यापी लकडाउनको अहिलेसम्म एउटै मोडालिटी कायम रहँदै आएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० जेठ ।

सरकारले लकडाउनको मोडालिटी फेर्नेगरी तयारी शुरु गरेको छ । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार, मोडालिटी फेर्नेबारे छलफल शुरु भएको छ । यसका लागि कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिका संयोजक एवम् उपप्रधानमन्त्री ईश्वर पोखरेल छलफलमा खटिएका छन् ।

मंगलबार उद्योगी व्यावसायीहरुसँग उपप्रधानमन्त्री पोखरेलले छलफल गरेका छन् । तर, कसरी गर्ने भन्नेबारे टुंगो नलागेको एक मन्त्रीले बताए । ती मन्त्रीका अनुसार, लकडाउन हटाउदा जोखिमको त्रास रहेको तर, कायमै राख्दा कहिलेसम्म भन्ने प्रश्न उठेको छ । त्यसैले यसको मोडालिटी परिवर्तन गर्नेगरी सरकारले तयारी गरेको छ ।

उच्च सरकारी स्रोतका अनुसार, बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीले यसबारे सम्बन्धित विषयका विज्ञहरुसँग छलफल गर्दैछन् । दिउँसो चार बजे विज्ञहरुसँग छलफल राखिएको छ । करीब २५ जना विज्ञहरुको सल्लाहअनुसार, लकडाउनको मोडालिटीबारे निर्णय लिने तयारी भएको छ ।

लगातारको लकडाउनले महामारी रोकथाममा सहयोग पुगे पनि जनजीवन नराम्रोगरी प्रभावित बनेको सरकारी मूल्याङ्कन छ । सरकारले कोरोना रोकथाम गर्न गएको चैत ११ गते देखि देशब्यापी लकडाउन गर्दै आएको छ । लामो समय गरिएको लकडाउनबारे निर्णय फेर्न दबाव बढ्दै गएको छ । "अहिलेको असहज अवस्था बदल्दै महामारीको जोखिमबाट समेत जोगिने विधिको खोजी भइरहेको छ", ती मन्त्रालय भने ।



**पोखरा महानगरपालिका-८ पृथ्वीचोकमा खानेपानी पाइप झार्दै । बन्दाबन्दीमा पनि विकासका काम धमाधम भइरहेको छ । *तस्वीर: राधिका कँडेल, रासस***

### संक्रमित दर तीन सय नजिक

ल्कडाउनको मोडालिटीबारे छलफल भइरहे पनि कोभिड -१९ को संक्रमण पुष्टि दर भने बढ्दो छ । मंगलबार एकै दिन २८८ जनामा संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा विकास देवकोटाले विभिन्न प्रयोगशालामा गरिएको परीक्षण २७० पुरुष र १८ महिला संक्रमित भएको जानकारी दिए ।

देखिएको संक्रमण अहिले सम्मकै सब भन्दा बढी हो । यसअघि सोमबार २३९, गत शनिबार १८९ र गत शुक्रबार १७० जनामा संक्रमण देखिएको थियो । यससँगै संक्रमितको संख्या दुई हजार ९९ पुगेको छ । ती मध्ये पुरुष एक हजार ९४९ र महिला १५० छन् । अहिलेसम्म ६१ जिल्लाका मानिसमा संक्रमण देखिएको छ । बाँकी पृष्ठ २ मा

# खुल्दै २० नाका

*इलाम-पशुपतिनगर, झापा-काँकडभिट्टा, मोरङ-रानी, सप्तरी-कुनौली, सिरहा-ठाडी र माडर, महोत्तरी-भिट्टामोड, सर्लाही-मलंगवा, रौतहट-गौर, पर्सा-वीरगञ्ज, नवलपरासी-महेश्वपुर, रूपन्देही- वेवहिया तथा कपिलवस्तु-तौलिहवा र कृष्णनगरलाई प्रवेश विन्दु तोकिएको छ । बाँके-खजुरा, बर्दिया-सुरजपुर र गुलरिया, कैलाली-गौरीफन्टा, कञ्चनपुर-गड्डाचौकी, बैतडी- झुलाघाट र दार्चुलाको- दार्चुलालाई प्रवेश विन्दुबाट प्रवेश दिइने भएको छ ।*

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० जेठ ।

सरकारले कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारणबाट उत्पन्न असहज परिस्थितिमा भारतबाट स्थल मार्ग हुँदै स्वदेश फर्कने क्रममा रहेका नागरिकलाई नेपाल-भारत सीमाका २० नाकालाई प्रवेश विन्दु तोकेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार इलाम- पशुपतिनगर, झापा-काँकडभिट्टा, मोरङ-रानी, सप्तरी-कुनौली, सिरहा-ठाडी र माडर, महोत्तरी-भिट्टामोड, सर्लाही-मलङ्गवा, रौतहट-गौर, पर्सा-वीरगञ्ज, नवलपरासी-महेश्वपुर, रुपन्देही- वेवहिया तथा कपिलवस्तु-तौलिहवा र कृष्णनगरलाई प्रवेश विन्दु तोकिएको छ । यस्तै बाँके-खजुरा, बर्दिया-सुरजपुर र गुलरिया, कैलाली-गौरीफन्टा, कञ्चनपुर-गड्डाचौकी, बैतडी- झुलाघाट र दार्चुलाको- दार्चुलालाई प्रवेश विन्दु नाका तोक्ने निर्णय गरेको हो ।

कोभिड-१९ को महामारी जोखिम बढ्दै गएको अवस्थामा स्वदेश फर्कनेको सहज व्यवस्थापन, रोग नियन्त्रण र बिरामी पहिचान गर्न सकियोस् भन्ने हेतु सरकारले उक्त व्यवस्था गरेको हो । भारतबाहेकका देशबाट भने काठमाडौंस्थित त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भएर स्वदेश फर्कनेछन् । अन्तराष्ट्रिय उडान बन्द रहेकाले हवाई मार्ग भएर स्वदेश फर्कने क्रम अहिले ठप्प छ । विदेशमा रहेका केही नेपालीलाई प्राथमिकीकरण पहिलो चरणमा नेपाल ल्याउन सरकारले गृहकार्य गरिरहेको छ ।



रोजगारी, अध्ययन र उपचारका लागि भारतका विभिन्न क्षेत्रमा रहेका नेपाली नागरिक कोभिड-१९ कारण लकडाउन भएपछि पनि ठूलो सङ्ख्यामा स्वदेश फर्कने क्रम जारी रहेको छ । लकडाउनका कारण उनीहरु रोजगारी गुमाएर तथा विद्यालय बन्द भएपछि जन्मभूमि फर्कका हुन् । स्वदेश फर्कने क्रममा धेरै दुःख, कष्ट र हण्डर खेप्न तथा दुर्व्यवहार भोग्नु परेको तथा कयौं दिन भोकभोकै पैदल यात्र गरी नेपाल-भारत सीमा क्षेत्रमा आइपुग्न सफल भएको स्वदेश फर्किएका केही नेपालीले प्रतिक्रिया दिइरहेका छन् ।

कोभिड-१९ को जोखिम नियन्त्रणका लागि गरिएको लकडाउनका कारण प्रारम्भिक दिनमा स्वदेश फर्कन चाहने नेपालीलाई केही अप्ठेरो भए पनि पछिल्ला दिनमा केही हदसम्म त्यसको उचित व्यवस्थान हुँदै आएको छ । कैयौं नागरिक नाकाबाट सहज प्रवेश नपाएपछि जङ्गल, बस्ती र खेतबाट नेपाल प्रवेश गर्दा कोभिड-१९ को सङ्क्रमण फैलनाका साथै फर्केकालाई व्यवस्थापन गर्न हम्मेहम्मे परेपछि सरकारले प्रवेश विन्दु तोकेको हो ।

सीमा नाकामा आएका नेपाली नागरिकको प्रदेश, जिल्ला र पालिकागत विवरण स्थानीय प्रशासनले तयार गरी सम्बन्धित प्रदेश र स्थानीय तहलाई अविलम्ब बुझाउनुपर्ने कार्यविधि बनाइएको छ । अहिले सुदूरपश्चिम क्षेत्रमा मात्रै पनि भारतबाट ५० बाँकी पृष्ठ २ मा

# डेंगुको डर

**कोभिड-१९ को महामारी रोकथामका लागि जारी गरिएको देशब्यापी लकडान ७० दिन नाघिसकेको छ । कोभिडको महामारीकै बीच वर्षायाम शुरू भएकाले नेपालमा डेंगुको त्रास समेत बढेको छ ।**

काठमाडौं/मस- नेपालमा कोभिड-१९ को संक्रमणसँगै डेंगु रोगको प्रकोप पनि बढ्ने सम्भावना रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । डेंगु रोग एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने गर्दछ । यो लामखुट्टे अलि ठूलो आकारको छिर्केमिर्के रंगको हुने गर्दछ ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले कोभिड-१९ को महामारीसँगै बर्खायाम शुरु भएकाले डेङ्गुको महामारीसमेत देखिन थालेको बताए । उनका अनुसार विभिन्न ठाउँमा पानी जम्ने र ती ठाउँमा लामखुट्टे बढ्ने भएकाले डेंगु रोग देखिन थालेको हो । डेंगु रोग वैशाखदेखि मङ्सिरसम्म देखिने गर्दछ ।

गत वर्ष नेपालमा ६८ जिल्लामा १६ हजारमा डेंगु रोग देखिएकामा ६ जनाको मृत्यु भएको थियो । महाशाखाकाका अनुसार यो गत पुषदेखि अहिलेसम्म २६ जिल्लाका ८२ जनामा डेंगु देखिएको छ । त्यसमध्ये सबभन्दा बढी रुपन्देही जिल्लामा ३५ जनामा देखिएको छ । धेरै जनामा यस रोगको लक्षण मध्यम खालको र केहीमा कडा खालको रहेको हुन्छ । डेङ्गु रोगको समयमा उपचार नगरे मृत्यु पनि हुन सक्ने उनले बताए ।

यो शहर तथा शहरोन्मुख ठाउँमा बढी पाइने गर्दछ । डेङ्गे ज्वरो छोटो समयमा हुने भाइरल रोग हो । यसका लक्षणमा एक्कासि तीनदेखि पाँच दिनसम्म ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, मासपेशी तथा जोर्नी दुख्ने, आँखाको गेडी दुख्ने, पेट तथा आन्द्रामा गडबढी बाँकी पृष्ठ २ मा

# तीन काउन्सेलर श्रम र पाँच श्रम सहचारी छानिए

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले काउन्सेलर श्रम र श्रम सहचारीहरुको छनोट गरेको छ । मन्त्रालयले दक्षिण कोरीया, कतार र मलेसियाका लागि काउन्सेलर श्रम र यूएई ओमान, मलेसिया, कुवेत र साउदी अरबका लागि श्रम सहचारी छनोट गरेको हो ।

काउन्सेलर श्रमतर्फ दक्षिण कोरियाका लागि रमा भट्टराई निरौला, कतारका लागि कृष्ण प्रसाद खनाल र मलेसियाका लागि दीपक ढकाल छनोट भएका छन् । भट्टराई हाल मन्त्रालयको सामाजिक सुरक्षा कोष बबरमहल, खनाल वैदेशिक रोजगार विभाग र ढकाल मन्त्रालयमा कार्यरत रहेका छन् । उनीहरु सबै उपसचिव हुन् । त्यस्तै मन्त्रालयले उपसचिव कविन्द्र नेपाललाई प्रतिक्षा सूचीमा राखेको छ ।

त्यस्तै श्रम सहचारीमा शाखा अधिकृतहरु प्रमिला केसी यूएई, दिनेश ढकाल ओमान, प्रकाश पन्थी मलेसिया, विपना ज्ञवाली कुवेत, प्रेम उपाध्याय साउदी अरबका लागि छनोट भएका छन् । श्रम सहचारीको प्रतिक्षा सूचीमा वैदेशिक रोजगार विभाग बुद्धनगरका शाखा अधिकृत बाबुराम घिमिरे र मन्त्रालयका शाखा अधिकृत हेम कुमार अधिकारी रहेको मन्त्रालयका उपसचिव देवेन्द्र कार्कीद्वारा जारी सूचनामा उल्लेख छ ।

मन्त्रालयले गत मंसिर २६ गतेको सूचना र काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनोट तथा नियुक्त सम्वन्धी कार्यविधि तथा मापदण्ड २०७३ मन्त्रीस्तरीय निर्णयबाट उक्त छनोट भएको जनाएको छ ।

मन्त्रालयका उपसचिव र अधिकृतहरुबीच आकर्षक मानिने काउन्सेलर श्रम र श्रम सहचारीमा तीव्र प्रतिश्पर्धा हुने गरेको छ । तर यसपटक छनोट प्रकृया पूर्ण पारदर्शी रहेको सहभागीहरुले बताएका छन् । पोष्टिङ पनि छनोट प्रकृयाामा धेरै अंक ल्याउने उम्मेदवारहरुले चाहे अनुसार भएको छ ।

छनोटमा परका सबै काउन्सेलर श्रमले पहिलो रोजाइमा दक्षिण कोरिया छानेका थिए । तर छनोटका क्रममा सबैभन्दा धेरै अंक ल्याएकी भट्टराईले दक्षिण कोरिया पाइन् । उनी भन्दा कम अंक ल्याएका खनालले पहिलो रोजाइमा कोरिया र दोस्रो रोजाइमा कतार राखेर मलेसियालाई छाडेका थिए । कोरिया भट्टराईले पाएपछि खनालको भागमा कतार परेको हो । यस्तै काउन्सेलर श्रम ढकालले पनि क्रमशः कोरिया र कतारलाई नै पहिलो र दोस्रो रोजाइमा राखेका थिए । तर उनले सबैले छाडेको मलेसिया पाए । श्रम सहचारीमा पनि छनोट नम्बरको रोजाइ अनुसार नै पोष्टिङ गरिएको बताइएको छ । मन्त्रालयले तत्कालीन श्रम सचिव लक्ष्मण मैनालीको कार्यकालमा धेरै नम्बर ल्याउनेले रोज्न पाउने कार्यविधि बनाएका थिए । सोही कार्यविधि अनुसार अहिले स्वतन्त्र र निष्पक्ष रुपमा काउन्सेलर श्रम र श्रम सहचारीको छनोट तथा पोष्टिङ भएको मन्त्रालय स्रोतले बताएको छ । परराष्ट्र मन्त्रालयले दिने तालिम सकेपछि अहिले छनोट भएका काउन्सेलर श्रम र श्रम सहचारीहरु कार्यक्षेत्रमा खटिने छन् ।

यसअघि मन्त्रालयले २०७४ माघ २५ र २०७६ मंसिर २६ गतेको सूचना बमोजिम आवेदन दिएकाहरुको गत पुसमा काउन्सेलर श्रम तथा श्रम सहचारी छनोट गरेको थियो । उनीहरु हाल सबै कार्यक्षेत्रमा रहेका छन् । काउन्सेलर श्रम र श्रम सहचारीको कार्यअवधि २ वर्षको हुने व्यवस्था गरिएको छ ।

हाल साउदी अरेबियाको काउन्सेलर श्रममा जीवन कुमार राई र संयुक्त बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### नेपाल फर्कनेका लागि २६ बुँदे कार्ययोजना

**काठमाडौं/मस-** सरकारले कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट उत्पन्न असहज परिस्थितिले स्वदेश फर्किनैपर्ने अवस्थामा रहेका नेपालीहरुलाई सहजीकरण गर्न २६ बुँदे विशेष कार्ययोजना सार्वजनिक गरे लगत्तै विदेशस्थित नेपाली दूतावासहरुले जरुरी सूचना सार्वजनिक गर्दै स्वदेश फिर्ती सहजीकरण शुरु गरेका छन् ।

नेपाल सरकारले समस्यामा परेका नेपालीहरुलाई फिर्ता ल्याउने निर्णय नगर्दै समस्यामा रहेका नेपालीलाई अनलाइन फारम भर्ने व्यवस्था गरेका दूतावासले नेपाल फर्किंदा चाहिने सबै विवरण खुलाएर फारम भर्न सूचना जारी गरेका छन् । साउदी अरबस्थित नेपाली दूतावासले बहिर्गमन भिसा लागेका, करार अवधि समाप्त भएका, रोगजारी गुमाएका, बहिर्गमन भिसा लागेका महिला, गर्भवती, पारिवारिक र भिजिट भिसामा गएकाहरु, अकामा नवीकरण नगरिएका वा नबनाइएका, आफन्तको मृत्यु भएका, कोरोनाबाहेक अन्य विरामीहरु, रोजगारीसहित बिदामा जाने, अध्ययन सकेर नेपाल जानुपर्ने विद्यार्थी लगायतले फारम भरेको बताएको छ ।

नेपाल सरकारले कोरोना संक्रमणका कारण उत्पन्न असहज परिस्थितिमा रहेकाहरुलाई मात्र स्वदेश फर्काउने भन्दै दूतवासले बहिर्गमन भिसा र राहदानीको प्रति, विरामी भएकाहरुले चिकित्सकको प्रमाणपत्र, औषधिको प्रेस्क्रिप्सन, जहाजमा उड्न कठिनाइ बाँकी पृष्ठ २ मा

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरूले सवार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्चालमा आफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोही कसैलेपनि गैरकानुनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाइएमा कानूनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**राष्ट्रियसभा बैठक**

# 'संक्रमण बढ्दो, परीक्षण किट अभाव'

## उपचार नपाएर गर्भवती र सुत्केरीको ज्यान गएकोप्रति ध्यानाकर्षण

**काठमाडौं/मस–** राष्ट्रियसभा सदस्यहरुले विभिन्न प्रदेशहरुमा कोरोना परीक्षण किटको अभाव भएको प्रति सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रियसभाको शून्य समयमा बोल्ने सदस्यहरुले भारतबाट आउनेहरुलाई विना परीक्षण नेपाल प्रवेश गराइएको र धेरै ठाउँमा परीक्षण किट अभाव रहेको बताएका छन् ।



राष्ट्रियसभा सदस्य इन्दु कडरियाले भारतबाट फर्किनेहरुको कुनै परीक्षण नगरी गाउँ फर्किने क्रम बढेको बताइन् । लकडाउनको समयमा बढाएर देशमा भोकमरी, बेरोजगारी, र आर्थिक संकट चुलिने अवस्था रहेकाले आगामी दिनमा लकडाउनको मोडालिटी परीवर्तन गरी आर्थिक गतिविधि अगाडि बढाउने गरी काम गर्न उनले आग्रह गरिन् ।

सदस्य कोमल वलीले क्वारेन्टाइन सुधारमा सरकारको ध्यान जान नसकेको बताइन् । प्रदेश नम्बर ५ मा संक्रमणको दर उच्च रहेपनि परीक्षण किटहरुको अभाव रहेको प्रति उनले स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराइन् ।

सदस्य उदया शर्मा पौडेलले कोरोना संक्रमणको जोखिम मोलेर पनि निरन्तर सेवामा खटिएको संसद सचिवालयका कर्मचारी लगायत अन्य कर्मचारीहरुलाई प्रोत्साहनको व्यवस्था गरी उनीहरुको मनोबल उच्च बनाउनुपर्ने बताइन् । सांसद तारादेवी भट्टले सुदूरपश्चिममा क्वारेन्टाइन र आइसोलेसनको व्यवस्था नुहँदा संक्रमणको दर बढिरहेको प्रति सरकारको ध्यानाकर्षण गराइन् ।

त्यस्तै सांसद दिल कुमारी थापा रावलले लकडाउनको अवधिमा ५८ जना सुत्केरी र गर्भवति महिलाहरुको मृत्यु भएको विषयमा सरकारको ध्यानाकर्षण गराइन् । सुत्केरी र गर्भवति महिलाहरुको क्वारन्टिनमै मृत्यु भएको विषयमा सरकारले सत्यतथ्य सदनमा जानकारी गराउनुपर्ने माग गर्दै उनले जोखिममा रहेका महिला र किशोरीहरुका लागि छुट्टै निर्देशिका बनाएर सरकारले लागू गर्नुपर्ने बताइन् ।

स्वास्थ्य संस्थामा गर्भवति महिला र सुत्केरी महिलाहरुको सहज उपचार सेवा प्रदान गर्न उचित व्यवस्थापन गर्न पनि उनले आग्रह गरिन् । उनले अहिले घरेलु हिंसा, बलात्कारका घनाहरु बढिरहेको र यसको न्यूनीकरणका लागि सरकारले निर्देशिका बनाएर अगाडी बढ्न आग्रह गरिन् । सांसद विमला राई पौडेलले विगत वर्षहरुमा जनचेतना अभावका कारण गर्भवति र सुत्केरी महिलाहरुको ज्यान जाने गरेकोमा अहिले उपचार अभावमा मृत्यु हुने गरेको बताइन् । उपचार नपाएर क्वारन्टिनमा सुत्केरी महिलाहरुको मृत्यु भएको समाचारहरु आइरहेको प्रति उनले सरकारको ध्यानाकर्षण गराइन् । पर्याप्त पीसीआर परीक्षण नहुनु, स्वास्थ्य उपकरणको अभावमा गर्भवति महिलाहरुको चेकजाँच नुहनुले पनि घटनाहरु घट्ने गरेको उनले बताइन् ।

लकडाउनमा समयमै स्वास्थ्य संस्था पुग्न नसक्नु र स्वास्थ्य संस्थामा पनि उपचार सेवा पाउन नसक्ने अवस्थाको अन्त्य गर्न उनले छुट्टै निर्देशिकाको आवश्यकता औंल्याइन् । आत्महत्या र घरेलु हिंसाका घटनाहरु बढिरहेको अवस्थामा सरकारले यसतर्फ ध्यान दिनु जरुरी रहेको उनले बताइन् ।

सदस्य अनिता देवकोटाले सशस्त्र द्वन्दकालमा राखिएका बमहरु खोजेर डिस्पोजल गर्न सरकारसँग आग्रह गरिन् । रोल्पामा बैशाख १८ गते बम विस्फोटबाट ४ जना बालबालिकाको निधन भएको स्मरण गराउँदै उनले यस्तो आग्रह गरेकी हुन् । तत्कालिन नेकपा माओवादीले सशस्त्र विद्रोहका बेला लुकाएका बमहरु पड्केर जनता त्रसित भएको भन्दै उनले तत्काल खोजीकार्य गरी डिस्पोजल गर्न आग्रह गरिन् ।

# बढ्यो सवारी चाप

**काठमाडौं/मस–** कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि लकडाउन जारि भएपनि उपत्यकाका मूख्य सडकहरुमा सवारी साधनको चाप बढ्दै गएको छ । लामो समय सम्म लकडाउन हुँदा जनजीवन प्रभावित भएको र मानिसहरु काममा निस्किन थालेपछि उपत्यकाका मुख्य सडकमा सवार ीसाधनको चाप बढेको हो ।



मंगलबार उपत्यकाका विभिन्न ठाउँमा पुग्दा सवारीसाधनको आवागमन बढेको पाइएको छ । प्रहरीले पनि चेकजाँचलाई केही खुकुलो बनाएको छ । अत्यावस्यक सेवाका सवारी साधन र पास लिएका बाहेकलाई पनि सोधपुछ गरी पठाउने गरेको छ । काम बिना सवारी सञ्चालन गर्नेलाई भने नियन्त्रणमा लिई कारबाही गरेको छ ।

उपत्यकाका भित्रि सडकमा रहेका अत्यावस्यक खाद्यन्न तथा तरकारी पसलहरु बिहान र साँझको समयमा खुल्ने गरेका छन् भने मानिसहरु आफ्नो घर नजिकको पसल सम्म पुगेर किनमेल गरिरहेको देखिन्छ ।

यस्तै बुधबार (आज) लकडाउनको ७२ दिन पुगेको छ । सरकारले गत चैत ११ गतेदेखि लकडाउन जारी गरेको छ । जेठ २० गतेसम्मका लागि तोकिएको लकडाउन शनिबार बसेको मन्त्रिपरिषद्को बैठकले जेठ ३२ गते सम्मका लागि लम्ब्याउने निर्णय गरेको थियो ।

तर यसबीचमा लकडाउनको मोडालिटी परिवर्तन गर्ने विषयमा कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिमा छलफल भइराखेको बताइएको छ । शनिबारको मन्त्रिपरिषद्को बैठकले लकडाउनको नयाँ ढाँचा तयार गर्न उच्चस्तरीय समन्वय समितिलाई निर्देशन समेत दिएको थियो ।

लकडाउन जारी हुँदा चैत ११ गते दुई जना मात्रै संक्रमित रहेकोमा अहिले लकडाउनको ७२ दिन पुग्दा संक्रमितको संख्या २ हजार ९९पुगेको छ । यसबीचमा ८ जनाको मृत्यु पनि भइसकेको छ । लकडाउन भएपनि संक्रमितको संख्याको वृद्धिदर बढ्दै जाने र अर्थतन्त्रमा पनि गम्भिर असर पर्दै जाने भएकाले लकडाउनको मोडालिटी परिवर्तन गर्ने विषयमा सरकारलाई दबाब पर्दै गएको छ ।

# नवलपरासीमा ४ वर्षीया बालिका बलात्कृत

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २० जेठ

नवलपरासीको मंगलापुरमा ४ वर्षीया बालिका बलात्कृत भएकी छन् । सरावल गाउँपालिका वडा नं.४ मंगलापुर निवासी ४ वर्षीय बालिकालाई वडा नं.४ ललितपुरका २६ वर्षीय राजकुमार सहानीले बलात्कार गरेको सरावल ४ का वडा अध्यक्ष छोटेलाल यादवले जानकारी दिए ।

बालिकाकी आमाले आफु नुहाइरहेको समयमा आइतवार करिब ३ बजे बालिका घरमा एक्लै खेलिरहेको बेला मिठाईको प्रलोभन देखाएर सहानीले बलात्कार गरेको बताएकी छन् । बालिका रुनासाथ सो स्थानसम्म आफु पुग्दा सहानी घरबाट फरार भइसकेको र छोरी रोइरहेको अवस्थामा फकाउँदा नमानेपछि बालिकाले आफ्नो संवेदनशील अंगतर्फ इसारा गरेर रोइरहेको र आफुले हेर्दा पेट डम्म फुलेको तथा रगत बगिरहेको देखेपछि मंगलापुर स्वास्थ्य चौकीमा उपचारका लागि लगेको बालिकाकी आमा बताउँछिन् ।

स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीले बालिकाको अवस्था गम्भीर देखेपछि पृथ्वी चन्द्र अस्पताल परासी पठाइएका हुन । सो घट्नाबारे वडा अध्यक्ष छोटेलाल यादवले थाहा पाउनसाथ उनले गोबरहिया प्रहरी चौकी र जिल्ला प्रहरी कार्यलयलाई खबर गरेका थिए ।

बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनसाथ गोबरहिया र जिल्ला प्रहरी टोली मंगलापुर पुगेको थियो । घटनामा संलग्न युवक फरार रहेको र उनको खोजी कार्य भइरहेको गोबरहिया प्रहरीचौका इन्चार्ज तिलक रायमाझीले जानकारी दिए ।

# कोरोनाबाट प्यूठान पनि अछुतो रहेन

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, २० जेठ

प्यूठानमा पहिलो पटक १ जनामा कोरोना संक्रमण देखिएको छ । स्वर्गद्वारी नगरपालिका वडा नम्बर ४ का ५९ वर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङले जनाएको छ । ५९ बर्षीय पुरुषको उक्त प्रतिष्ठानमा गरिएको परीक्षणको क्रममा कारोना संक्रमण पुष्टि भएको हो ।

जेठ १३ गते भारतको चेन्नईबाट प्यूठान आएका उनी स्वर्गद्वारी नगरपालिकाको अमर क्याम्पस भिंगृको क्वारेन्टाइनमा बस्दै आएका थिए । उनीसँगै अमर क्याम्पसको क्वारेन्टाइनमा बसेका १० जनाको स्वाब संकलन गरी स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ पठाएकामध्ये ९ जनाको कोरोना रिपोर्टभने नेगेटिभ आएको स्वर्गद्वारी नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख दल बहादुर केसीले बताए ।

यसअघि स्वर्गद्वारी नगरपालिकाले नगरपालिकाकै सुचना प्रविधिको पार्कमा रहेको बहुउदेश्यीय सभाहललाई १० वार्डको आईसोलेशन कक्षकोरुपमा स्थापना गरेको थियो । अहिले कोरोनो संक्रमण पुष्टि भएका व्यक्तिको स्वास्थ्य अवस्था सामान्य रहेको र उनलाई मंगलबार नै आइसोलेसनमा भर्ना गराइने तयारी भइरहेको केसीको भनाइ छ । उनी कृष्णनगर सीमानाका हुँदै स्वर्गद्वारी नगरपालिकाले पठाएको बसमा ६० जनाको समुहमा गृहजिल्ला आएका थिए ।

### जुवा खेल्दा खेल्दै पक्राउ परेका

# व्यवसायीहरु पाँच दिन हिरासतमा

**काठमाडौं/मस–** जुवातास खेल्दै गर्दा सोमबार राति पक्राउ परेका व्यवसायीलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंले प्रहरीलाई अनुमति दिएको छ । मुलुकी अपराध संहिताको जुवा सम्बन्धी कसूरमा अनुसन्धानका लागि प्रहरीले उनीहरुलाई जिप्रकाले अनुमति मागेको थियो ।



महानगरीय प्रहरी वृत्त, दरबारमार्गले चलाएको अपरेसनका क्रममा कमलादीस्थित एक होटलबाट उनीहरु समातिएका थिए । वृत्तका डीएसपी रञ्जन दाहाल नेतृत्वको टोलीले कमलादीस्थित गनगोर रिजेन्सी बुटिक होटलमा छापा मारेर रामचन्द्र सांघाइ, अशोक अग्रवाल, पुरुषोत्तम अग्रवाल, सुरेश अग्रवाल, गोविन्द अग्रवाल, नन्द शर्मा, विमल खेतान, विमल आहुजा र निक्की जोगाइलाई पक्राउ गरेको थियो ।

रामचन्द्र संघाई चर्चित त्रिवेणी ग्रुपका निर्देशक हुन् । अशोक अग्रवाल र विमल अउजा विशाल ग्रुपका संचालक हुन् । विभिन्न इन्स्योरेन्स कम्पनी, बैंक, वैदेशिक व्यापार आयातमा संलग्न अशोक अग्रवाल नेपालका लागि गिनीका अवैतनिक बाणिज्यदूत समेत हुन् । यसअघि किर्गिस्तानका अवैतनिक दूत शुलभ अग्रवाल थर्मोगन कालोबजारी गर्दागर्दै पक्राउ परेका थिए । पक्राउ परेका पुरुषोत्तम घिराइया कपडा ब्यापारी हुन् । गोविन्दराम सरिया झापाको चिया उद्योगीको भेषमा हुन्डीको कारोबारी भएको बताइन्छ । संघाईलाई गएको वर्ष नेपाल सरकारको 'महत्वपूर्ण' व्यवसायिक व्यक्ति सम्मानबाट विभूषित गरेको थियो ।

प्रहरीले जुवाको खालबाट २ लाख ७७ हजार रुपैयाँ बरामद गरेको छ । त्यस्तै एक हजार, ५ सय, १ सय र ५० दरका १ सय ७९ थान क्वाइन पनि बरामद गरिएको प्रहरीले जनाएको छ । सिक्कालाई 'डिकोड' गरेपछि मात्र जुवामा कारोबार भएको यकिन रकम खुल्नेछ । यो क्यासिनोमा खेलिने जुवाको शैली हो । प्रहरीका अनुसार प्रहरीले छापा हानीहाले थोरै रकम मात्र बरामद होस् भनेर यो शैली अपनाइएको अधिकृतहरु बताउँछन् ।

मुलुकी अपराध संहिताले पहिलोपटक जुवा खेल्ने र खेलाउनेलाई ३ महिनासम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ । दोस्रो पटकदेखि जुवा खेल्ने वा खेलाउनेलाई एक वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना लाग्ने भनिएको छ । त्यसपछि पनि जुवा खेल्ने र खेलाउने गरेमा ३ वर्षसम्म कैद र १० हजार जरिवाना तोकिएको छ । प्रहरीका अनुसार यिनीहरु पटके जुवाडेमा पर्छन् ।

# अवैध मल बरामद



नवलपरासी/मस- नवलपरासीको सीमानाकाबाट अबैधरुपमा ल्याउँदै गरेको १९ बोरा मल प्रहरीले नियन्त्रणमा लिएको छ । सोमबार राति प्रतापपुर गाउँपालिका वडा नं ४ हरकपुराबाट भारतबाट अवैधरुपमा चोरी पैठारी गरी साईकलमा ल्याउँदै गरेको करिब ५० हजार मूल्य बरारबरको डिएपी मलको साथै ३ वटा साईकल विशेष सुराकीको आधारमा जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय बेलाटारी र स्थानीय प्रहरी चौकीको संयुक्त गस्ती टोलीले नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय बेलाटारीका प्रहरी निरीक्षक खुमानन्द पाण्डेले बताए ।

लकडाउनको समयमा तस्करी बढेपछी प्रहरीले आफ्नो सक्रिय ता बढाउँदै लगेपछि तस्करीका सामानहरु नियन्त्रणमा लिने कार्य बढेको छ । गत हप्ता पनि छुट्टाछुटै नाकाहरुबाट करिब २ लाख ३० हजार बराबरको विभिन्न किराना सामानहरु प्रहरीले नियन्त्रणमा लिई आवश्यक कारवाही चलाएको थियो । सोमबार राति नियन्त्रणमा लिइएको मल आवश्यक कारवाहीको लागी भन्सार कार्यालय महेशपुर पठाउने प्रहरीले जनाएको छ ।

जिल्लाका सबै सीमानाराहरुमा सीमा सुरक्षा साथै कोरोना रोकथाम तथा नियन्त्रणका लागी आवत जावतमा पूर्णरुपमा रोक लगाइएको छ ।

# सिरहामा संक्रमितको संख्या ४७

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, २० जेठ

सिरहा नगरपालिकाको सिरहा सदरमुकामस्थित श्री सूर्यनारायण सत्यनारायण मोरबैता यादब बहुमुखी क्याम्पस सिरहाको क्वारेन्टाइनमा रहेका १७ जना कोरोना संक्रमित पुष्टि भएको छ । क्वारेन्टाइनमा सोमवार पनि ५ जना संक्रमित पुष्टी भएको थियो । यस संगै सिरहा नगरपालिकामा २२ जनामा संक्रमण पुष्टि भएको छ । संक्रमितलाई सिरहा अस्पतालको आईसोलेशनमा सार्ने कार्य भइरहेको सिरहा नगरपालिकाका प्रसाशकीय प्रमुख बलिराम यादबले बताएकाछन् । संक्रमित सबै भारतबाट आएका थिए ।

यसअघि लहान नगरपालिकामा ८ जना, धनगढीमाई नगरपालिकामा २ जना, बरियारपट्टी गाउँपालिकामा ५, भगवानपुर गाउँपालिकामा ४, कल्याणपुर नगरपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिका र नवराजपुर गाउँपालिकामा १ र १ जना संक्रमित थपिएको थिए ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय सिरहामा कार्यरत प्रहरी हवल्दार २ जनामासमेत संक्रमण पुष्टि भएको थियो । यससँगै सिरहा जिल्लामा संक्रमितको संख्या ४७ पुगेको छ । १७ स्थानीय तह रहेको सिरहामा अहिलेसम्म ९ वटा स्थानीय तहका स्थानीयमा कोरोना संक्रमित पुष्टि भएको हो ।

## फेरिंदै.....

स्वास्थ्य मन्त्रालयका अनुसार धुलिखेल अस्पतालमा भएको परीक्षणमा ३८, पोखरामा भएको परीक्षणमा १० र धरानमा भएको परीक्षणमा १ जनामा संक्रमण पुष्टि भएको हो । यस्तै भेरी अस्पतालमा भएको परीक्षणमा २० जना, सुर्खेतमा गरिएको परीक्षणमा ६४ जनाको पोजेटिभ देखिएको छ । दैलेखमा ३७ जनाको पोजेटिभ आएको छ ।

यस्तै हेटौडामा १ जना, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा १७ र सेती प्रादेशिक अस्पतालमा भएको परीक्षणमा अस्पतालमा १८ जनाको पोजेटिभ देखिएको छ । यस्तै राष्ट्रिय जनस्वास्थ्य प्रगोगशालामा गरिएको परीक्षणमा टेकुमा १ सय १८ जनाको पोजेटिभ देखिएको छ ।

मंगलबारसम्म पीसीआर विधिबाट ७५ हजार ३ सय ४३ र आरडिटी विधिबाट १ लाख १६ हजार ३ सय ४५ वटा परीक्षण भएको छ । पछिल्लो २४ घण्टामा पीसीआर विधिबाट ३ हजार ४ सय ४० र आरडिटी विधिबाट २ हजार ५ सय ८८ वटा परीक्षण भएको छ ।

यस्तै अहिले देशका विभिन्न क्वारेन्टिनमा १ लाख ४५ हजार ३ सय ७५ जना रहेका छन् । १ हजार ८ सय २५ जना संक्रमित आइसोलेसनमा उपचाररत रहेका छन् । अहिलेसम्म २ सय ६६ जना उपचारपछि निको भएर घर फर्किएका छन् । आठ जनाको मृत्यु भएको छ ।

## खुल्दै...

हजारभन्दा बढी व्यक्ति फर्किएको अवस्था छ । पश्चिम क्षेत्रका नाकाबाट दैनिक रुपमा अझै पनि पाँच हजारभन्दा बढी नागरिक नेपाल भित्रिरहेका छन् ।

बन्दै होल्डिङ सेन्टर

भारतबाट आउने नागरिकलाई प्रवेश विन्दु नजिकको विद्यालय वा सामुदायिक भवन, कभर्ड हल, पार्टी प्यालेस वा अन्य खुला स्थान छनोट गरी होल्डिङ सेन्टरको व्यवस्था गरिने उक्त कार्यविधिमा उल्लेख छ । उनीहरुलाई सीमा नाकामा व्यवस्था गरिएको सवारी साधनमार्फत होल्डिङ सेन्टर पुऱ्याइनेछ । सीमा नाका नजीक रहने होल्डिङ सेन्टरको व्यवस्थापन सम्बन्धित प्रदेश सरकारले तोकेको मन्त्रीको सुपरीवेक्षणमा प्रदेश तथा जिल्ला कोभिड-१९ व्यवस्थापन केन्द्रको एवं स्थानीय प्रशासनको सहयोगमा सेनाले गर्नेछ ।

स्वदेश प्रवेश भएकामध्ये ज्वरो देखिएकालाई तोकिएको आइसोलेशन र अन्यलाई सेनाको संयोजकत्वमा सम्बन्धित जिल्ला सदरमुकाम पुऱ्याइनेछ । सदरमुकाम पुऱ्याइएका नागरिकलाई सम्बन्धित स्थानीय तहले क्वारेन्टिनमा पुऱ्याउने र क्वारेन्टिन अवधिभर आवश्यक व्यवस्थापनका लागि सहयोग र समन्वय गर्ने कार्यका लागि प्रदेश सरकारबाट एक मन्त्री तोकिनेछ ।

१७ सय श्ययाको क्वारेन्टिन

नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी कार्ययोजनामा भारतबाहेकका मुलुकबाट स्वदेश आउने यात्रुका लागि खरिपाटी इचङ्गु आवास क्षेत्र, मनमोहन अस्पताल दहचोक, केएमसी दुवाकोटमा क्वारेन्टिन तयार गर्ने उल्लेख छ ।

आपत्कालीन व्यवस्थाका लागि शहरी विकास मन्त्रालयले आवश्यक मर्मत सुधार गरी नेपाल विद्युत् प्राधिकरणको खरिपाटीस्थित तालीम केन्द्र ३००, इचङ्गु आवासमा ४००, मनमोहन अस्पताल ५०० र केएएमसी दुवाकोटमा ५०० क्वारेन्टिन श्यया १० दिनभित्र तयार गरी प्रयोग गर्न सक्ने अवस्थामा राख्ने कार्य योजना छ ।

क्वारेन्टिनमा डेढ लाख

नेपालमा अहिले भारतबाट फर्केर आएका एक लाख ४५ हजार क्वारेन्टिनमा रहेका, ६१ जिल्लामा कोभिड-१९ सङ्कमण फैलिएको, २१ स्थानमा पिसिआर परीक्षणको व्यववस्था गरिएको तथा दैनिक रुपमा तीन हजारको पिसिआर परीक्षण भइरहेको छ । कोभिड-१९ को संक्रमणलाई जितेर घर फर्कनेको संख्या २६६ रहेको तथा पछिल्लो समय दैनिक २५० का संख्यामा संक्रमण बढिरहेको तथ्याङ्कले पुष्टि गरेको छ । मुलुकमा अहिले कोरोना भाइरसबाट संक्रमितको संख्या दुई हजार ९९ पुगेको छ ।

## डेंगुका...

र दादहरु आउने हुने गर्दछ । केही बिरामीमा शुरुमा शरीरमा विमिरा र दादहरु पनि देखिने गर्दछ । ज्वरो आएको अवस्थामा नाक तथा गिजाबाट रक्तस्राव हुने गर्दछ । यो रोगको राम्रोसँग उपचार भयो भने निको हुने महाशाखाका निर्देशक डा पाण्डेले बताए ।

नेपालमा पहिलोपटक २००४ मा डेंगु देखिएको थिया । हरेक वर्ष डेंगु रोग प्रकोपका रुपमा देखिँदै आएको छ । दुई-तीन वर्षको अन्तरालमा यो रोगले महामारीको रुप लिएको उनले बताए । क्वारेन्टिन वा घरमा बस्दा कामको सिलसिलामा बाहिर जाँदा डेङ्गुसहित मलेरिया, पखाला र सर्पदंश रोग बढ्ने उनले बताए । डेंगु रोगका बिरामीको चिकित्सकको सल्लाहबिना कुनै औषधि प्रयोग गर्न दिनु हुँदैन ।

यो रोग लामखुट्टेबाट रोग सर्ने भएकाले राति वा दिउँसो सुत्दा झुलको प्रयोग गर्नुपर्दछ । यो रोग सार्ने लामखुट्टे मानिसको वरिपरि प्राकृतिक वा कृत्रिम पानी जमेको ठाउँमा बस्ने भएकाले त्यसलाई सफा राख्नुपर्दछ । खाल्डाखुल्डी, जमेको पोखरी, कुवा, लोटा, खुल्ला बोतल जस्ता ठाउँमा लामखुट्टे हुने गर्दछ । डेङ्गु ज्वरो लागेको अवस्थामा तुरुन्तै नजीकैको स्वास्थ्य संस्थामा जानु पर्दछ । यो रोग चिकित्सको प्रत्यक्ष निगरानीमा उपचार गरे सञ्चो हुने उनले बताए ।

यो रोग पनि कोरोना जस्तै एउटा भाइरसबाट हुने रोग हो । यसको कुनै औषधि (भ्याक्सिन) बनाउन सकिएको छैन । इपिडिमियोलोजी महाशाखाले यस रोगबाट बच्नका लागि प्रदेश र स्थानीय तहमा डाइगोनोष्टिक परीक्षण गर्ने व्यवस्था मिलाएको छ ।

## तीन....

अरब ईमिरेट्सको काउन्सेलर श्रममा निर्मला थापा कार्यरत रहेका छन् । त्यसैगरी बहराइनमा दामोदर दाहाल र कतारमा अनुज गौतम श्रम सहचारीको रुपमा कार्यरत रहेका छन् । उपसचिव भुमिश्वर पोखरेललाई काउन्सेलर श्रमको प्रतिक्षा सूचीमा राखिएको थियो । उनले यसपटक पनि छनोटमा सहभागी हुन आवेदन दिएका थिए । तर मापदण्ड बाहिर रहेको भन्दै प्रश्तुतीकरणमा सहभागी हुन पाएनन् ।

श्रम मन्त्रालयले दक्षिण कोरिया, संयुक्त अरब ईमिरेट्स, साउदी अरेबियाको रियाद, मलेसियाको क्वालालम्पुर र कतारको दोहामा गरी पाँच ठाउँमा राजपत्राङ्कित द्वितीय श्रेणी अर्थात् उपसचिवलाई काउन्सेलर श्रम बनाएर पठाउने गरेको छ भने संयुक्त अरब ईमिरेट्स, कतार, साउदी अरबको जोद्धा, मलेसिया कन्सुलेट अफिस, कुवेत, ओमान र बहराइन गरी ६ स्थानमा राजपत्राङ्कित तृतीय श्रेणी अर्थात् शाखा अधिकृतलाई श्रम सहचारी राख्ने व्यवस्था गरेको छ ।

यसअघि नियुक्त काउन्सेलर श्रम र श्रम सहचारीहरुको गत पुसमै कार्यकाल सकिएको भएपनि त्यसलगत्तै अन्तर्राष्ट्रिय उडानमा अवरोध आएपछि उनीहरुमध्ये केही फर्किन पाएका छैनन् ।

## नेपाल...

हुने बिरामीले त्यसबारेमा समेत खुलाउनुपर्ने जनाएको छ । त्यस्तै आफन्तको मृत्यु भई काजक्रियाका लागि नेपाल फर्किनुपर्ने भए कारणसहितको स्वघोषणा, विद्ययार्थीहरुको अध्ययन सकिएको वा बिदा आदिको कागजात देखाउनुपर्ने दूतावासले जनाएको छ ।

नेपाली दूतावासले साउदी अरबले त्यहाँको आभा खमीस, नजरान, जिजान, आभा, बाहा, बलजुरैसी, बिसा, ताइफ, मक्का, मदिना, जेद्दा, यम्बु, ताबुकलगायतका स्थानमा कार्यरत नेपालीले पठाएको फारम नेपाली महावाणिज्य दूतावास, जेद्धामा पठाइएको भन्दै त्यहीँ सम्पर्क गर्न आग्रह गरेको छ ।

दूतावासले अकामा नवीकरण नगराएका, नबनाएका, काम्पनी छाडी अन्यत्रै काम गरिरहेका लगायतका अवैध अवस्थामा रहेका नेपालीहरुलाई स्वदेश फर्काउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय भइरहेकोले पछि जानकारी गराइने बताएको छ ।

त्यस्तै दूतावासले हवाई टिकट खर्च, कोरोना संक्रमणको अनिवार्य स्वास्थ्य परीक्षण, क्वारेन्टाइनमा बस्नुपर्ने अवधि तथा पालना गर्नुपर्ने अन्य शर्तहरुका बारेमा पछि जानकारी गराइने उल्लेख गरेको छ । यस्तै सूचना कतारको दोहास्थित नेपाली दूतवासले पनि जारी गरेको छ ।

# भर्चुअल प्रतिस्पर्धामा नेपाललाई चार स्वर्ण



**काठमाडौं, मस-** अन्तर्राष्ट्रिय पेन्डामिक भर्चुअल गेम्समा नेपाली उमा कुङफु खेलाडीले ४ स्वर्ण जितेका छन्। अनलाइन प्रतिस्पर्धामा ४ स्वर्णका अलावा नेपालले २ रजत र १ कांस्य पनि जितेको नेपाल उमा कुङफु संघका अध्यक्ष सिद्धार्थ लामा तामाङले जनाएका छन् ।

कमल मगर र सञ्जयराज पुटुवारले नेपाललाई दोहोरो पदक दिलाए । पुरुष ताइचीको सफ्ट स्टायलमा कमलले स्वर्ण जिते भने नन् ट्रेडिसनल वेपनमा कांस्य हात पारे । पुरुषतर्फ सञ्जयले सफ्ट स्टायल तथा ट्रेडिसनल वेपन दुवै विधामा रजत प्राप्त गरे ।

महिला ताइचीको सफ्ट स्टायलमा मुन्नी सुवेदी लामा तामाङले स्वर्ण जित्न सफल भइन्। महिला ताइचीमा जमुना गुरुङ तथा पुरुष फम्स विथ म्युजिकमा सुदीप श्रेष्ठले स्वर्ण जिते ।

वर्ल्ड मार्सल आर्ट्स कमिटी (डब्लुएमएसी) ले आयोजना गरेको प्रतियोगिता अस्ट्रियाको ब्रिगेन्जमा मे २८ देखि ३० तारिखसम्म भएको थियो । प्रतियोगितामा विभिन्न चार महादेशबाट १४ राष्ट्रका २ सय ३३ खेलाडीले प्रतिस्पर्धा गरेको अध्यक्ष लामाले जानकारी दिए । नेपालबाट ५ खेलाडीले प्रतिस्पर्धा गरेकोमा सबैले पदक जित्न सफल भएका हुन् । खेलाडीले आफूले सहभागिता जनाउने स्पर्धाको १ देखि ३ मिनेट सम्मको श्रव्यदृष्य डब्लुएमएसीमा पठाउनु पर्ने थियो । एक स्पर्धाका लागि खेलाडीले १५ युरो दर्ता शुल्क तोकिएको थियो । एक भन्दाबढी स्पर्धामा भाग लिनु पर्ने भए अत्तिरिक्त ५ युरो तिर्नु पर्ने थियो ।

डब्लुएमएसीले कोरोना भाइरस (कोभिड- १९) कारण आफ्नो सम्पूर्ण वार्षिक प्रतियोगिता स्थगित गर्नु परेपछि यो भर्चुअल प्रतियोगिता आयोजना गरेको अध्यक्ष लामाले जानकारी दिए । अध्यक्ष लामाले अहिलेको विषम परिस्थितमा पनि भर्चुअल प्रतियोगिता आयोजना गरेर खेलाडीको मनोबल उच्च पार्न सहयोग गरेकोमा डब्लुएमएसीका अध्यक्ष हेराल्ड फोल्लाडोरीलाई धन्यवाद दिए । स्थिति सामान्य नभए नोभेम्बरमा डब्लुएमएसीले भर्चुअल विश्व च्याम्पियनसिप पनि आयोजना गर्न लागेको अध्यक्ष लामाले जानकारी दिए ।

# गण्डकी प्रदेशका सबै जिल्लामा रंगशाला बनाइने

**कास्की, रासस**-सङ्घीय सरकारसँगको सहकार्यमा गण्डकी प्रदेश सरकारले प्रदेशका ११ वटै जिल्लामा एकरएक वटा रङ्गशाला बनाउने भएको छ । प्रदेश प्रमुख अमिक शेरचनले प्रदेश सभामा सरकारको आगामी वर्ष २०७७-७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै रङ्गशाला निर्माण गर्ने नीति लिइने जानकारी दिए ।



सरकारले प्रदेशमा अन्तराष्ट्रिय तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहजीकरण गर्ने भएको छ। आउँदो फागुनमा प्रदेशमा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने निर्णय यसअघि नै गरिएको छ ।

यसअघि आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले आर्थिक वर्ष २०७७-७८ को बजेटका सिद्धान्त तथा प्राथमिकता सदनमा प्रस्तुत गर्दै आउँदो वर्ष पोखरामा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आवश्यक बजेट विनियोजन गरिने बताएका थिए । सरकारले पालिकासँगको सहकार्यमा एक पालिका एक खेलकुद मैदान कार्यक्रमलाई आवश्यकता अनुसार निरन्तरता दिइने जनाएको छ ।

नीति तथा कार्यक्रममा प्रदेशमा खेलकुदको संस्थागत विकास गर्न आवश्यक कानुन तर्जुमा गर्ने, नेपाल सरकारसँगको सहकार्यमा अन्तर र्राष्ट्रियस्तरको बहुउद्देश्यीय रङ्गशाला, उच्च हवाई खेलकुद तालिम केन्द्र र क्रिकेट रङ्गशालालगायतका खेलकुद पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिने उल्लेख छ ।

सरकारले चालू वर्षमा पालिकासँगको सहकार्यमा २२ गाउँपालिका र पाँच नगरपालिकामा खेल मैदान र स्थानीयस्तरको रङ्गशाला निर्माण कार्य अघि बढाइएको जनाएको छ। नेपालमा आयोजना गरिएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गतका आठ वटा खेल प्रदेश राजधानी पोखरामा सफलतापूर्वक सम्पन्न भएको र त्यो प्रतियोगितामा पदक विजेता यस प्रदेशका खेलाडी र प्रशिक्षकलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार प्रदान गर्ने निर्णय गरिएको नीति तथा कार्यक्रममा उल्लेख छ ।

# जुलाईदेखि सिरि ए मा दर्शक उपस्थित गराइने



**इटली, एजेन्सी**-इटालीयन फुटबलले अर्को महिनाबाट स्टेडियममा दर्शकलाई प्रवेश गर्न दिने तयारीमा जुटेको छ। इटालीयन फुटबल फेडेरेसनले ४० पृष्ठ लामो डकुमेन्टमा सिरी ए सुचारुका लागि कडा नियम बनाएको र अर्को महिनादेखि दर्शकलाई मैदानमा प्रवेश गर्न दिने भन्ने योजना तयार पारेको बताएको छ ।

सिरी ए मा एक सय २४ खेलहरु बाँकी रहेका छन् । जुन ४३ दिनमा सकिनेछन् । लिगका अधिकांश खेलहरु रातीको समयमा हुनेछन् । लिगमा चाँडो सुरु हुने खेल साँझ हुनेछ । जुन महिनामा इटलीमा गर्मी निकै हुने भएकाले दिउसोको समयमा खेल्न खेलाडीलाई कठिन हुने भएकाले समय परिवर्तन गरिएको हो ।

जुलाई महिनामा रंगशालामा हजारौ दर्शक भन्दा पनि सिमित संख्यामा प्रवेश गराउने भन्नेमा आन्तरिक छलफलमा जुटेको छ । फेडेरेसनको अर्को बैठकमा यो विषयमापनि छलफल हुने भएको छ।

फेडेरेसनले ६० हजार दर्शक नै मैदानमा उतार्नु कठिन भएको, तर केहि मात्रामा प्रवेश गराउनु उचित हुने बताएको छ । त्यसका लागि केहि नियमहरु बनाइने समेत बताएको छ ।

सिरी ए को खेल तालिकापनि सार्वजनिक भइसकेको छ । जसमा ६ साताामा सिरी ए क्लबले एक सातामा दुई खेल खेल्नुपर्ने छ । जसमा शनिबार-सोमबार र मंगलबार-बिहीबार हुने छ । खेल स्थानिय समयअनुसार ६:३० र ८:४५ बजे तथा केही खेल छिट्टै ४:१५ बजे हुनेछ। पहिलो दिन २५औं चरणका बाँकी रहेका चार मध्ये दुई खेल हुनेछ। टोरिनो र पर्माबीचको खेल बाट स्थगित सिरी ए पुनः सञ्चालन हुनेछ ।

सोही दिन हेला भेरोना र काग्लिएरीबीच खेल हुनेछ । अर्को दिन एटलान्टा र ससुलो तथा एन्टर मिलान र साम्पडोरियाबीच खेल हुनेछ । २२ जुनदेखि सिरी ए को २६औं चरणको खेल शुरु हुनेछ।

# अमेरिकामा एकै दिन ७४३ जनाको कोरोनाबाट मृत्यु

**वासिङ्टन, एएफपी**- संयुक्तराज्य अमेरिकामा सोमबार एकै दिन कोरोनाभाइरसको संक्रमणबाट ७४३ जनाको मृत्यु भएको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार अमेरिकामा मात्र एक लाख ६ हजारको कोरोना संक्रमणबाट ज्यान गएको छ । भाइरस फैलिन थालेयता अमेरिकामा १८ लाखभन्दा बढी व्यक्ति संक्रमित भइसकेका छन् ।

विश्वमै कोरोना संक्रमित र मृत्यु हुनेको संख्या अमेरिकामा सबैभन्दा बढी छ । अमेरिकामा विभिन्न राज्यले कोरोनाभाइरसको प्रसार रोक्न सावधानीपूर्वक यसअघि घरभित्रै बस्न दिइएको आदेशलाई खुकुलो बनाउन थालेका छन्। तर अमेरिकाको राजधानी वासिङ्टन डिसी समेतका धेरैजसो प्रमुख शहरहरुमा एक अश्वेत नागरिकको मृत्युलाई लिएर भड्किएको हिंसाका कारण निषेधाज्ञा लगाइएको छ । मानिसहरु ती निषेधाज्ञालाई बेवास्ता गर्दै सडकमा खुलेआम निस्केपछि कोरोनाको संक्रमण बढ्ने खतरा बढेको स्वास्थ्य अधिकारीहरुले बताएका छन् ।

# भारतको आर्थिक विकास पहिलेकै अवस्थामा फर्कन्छ : मोदी



**नयाँ दिल्ली, एजेन्सी**-भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले पक्का पनि आफ्नो आर्थिक विकासलाई पहिलेको अवस्थामा फर्काउने बताएका छन् । उनले भारतको आर्थिक विकास पहिलेको अवस्थामा फर्किने विश्वास व्यक्त गरे ।

कोरोना भाइरसको संक्रमणका कारण विग्रिएको यहाँको अवस्था पहिलेको अवस्थामा आउने उनले बताएका हुन् । 'मलाई मेरो देशको क्षमता तथा संकटको व्यवस्थापनमा गर्न सक्ने कामका बारेमा थाहा छ त्यसैले मलाई लाग्छ हामी छिट्टै नै पहिलेको अवस्थामा फर्किने नै छौं ।' प्रधानमन्त्री मोदीले भने ।

भारतको प्रविधि, यहाँको प्रतिभाका साथै अरु पनि धेरै विद्धानहरुको क्षमताका बारेमा मलाई थाहा छ त्यसैले मलाई विश्वास छ कि हामीले यो कोरोना भाइरसको प्रकोपलाई जितेर पनि चाँडै नै आफ्नो गतिमा फर्किन सक्नेछौँ- प्रधानमन्त्री मोदीले मंगलबारको एक सम्बोधनका क्रममा भनेका थिए । उनले आफूलाई भारतका उद्योगी तथा व्यवसायीको र भारतका किसानाहरुप्रति ठूलो भर र विश्वास रहेको भन्दै यसैकारणले पनि भारत पहिलेकै अवस्थामा फर्किने बताए । कन्फिडरेसन्स अफ इन्डियन इन्डष्ट्रिजको १२५ औं वार्षिक बैठकलाई मंगलबार बिहान भिडियोमार्फत सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले यस्तो बताएका हुन् । उनले देशमा कारोना भाइरसको समस्या भएका बेलामा हालैका दिनमा धेरै क्षेत्रमा अनलाईन कार्यक्रमहरु भइरहेका पनि बताए ।

जस्तै अप्ठेरो परिस्थितिमा पनि त्यसको समाधानको बाटो खोज्नु नै मानिसको क्षमता हो भन्दै अनलाइनका माध्यमबाट देशमा धेरै कामहरु भइरहेकोले त्यस कार्यको प्रशंसा गरे ।

# कंगोमा इबोला, चार जनाको मृत्यु



**कंगो, एजेन्सी**-अफ्रिकी मुलुक प्रजातान्त्रिक गणतन्त्र कंगोको इक्वाटियर प्रान्तको वाङ्गाता क्षेत्रमा प्राणघातक इबोला भाइरसको संक्रमण फैलिएको सरकारले जनाएको छ । स्वास्थ्य मन्त्रालयले वाङ्गातामा इबोला संक्रमित छ जना फेला परेको जनाएको छ । संक्रमित छ जनामध्ये चार जनाको मृत्यु भएको र दुई जना उपचारका क्रममा रहेका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को प्रयोगशालामा गरिएको परीक्षणमा ती व्यक्तिमा इबोलाको संक्रमण देखिएको हो । संगठनका महानिर्देशक टेड्रोस अधानोमले आम मानिसले सामना गर्नु परिरहेका संक्रामक एवं प्राणघातक रोगहरु कोविड-१९ मात्र नरहेको यसले पुष्टि गरेको बताए ।

उनले कोविड-१९ महामारीका बारेमा हामी सबैको ध्यान गए पनि डब्लुएचओले मानव स्वास्थ्यमा जोखिम निम्त्याइरहेका अरु रोगतर्फ पनि ध्यान दिइरहेको बताए । सन् १९७६ मा पहिलोपटक इबोला देखिएदेखि हालसम्म यो एघारौं पटक देखिइसकेको छ। डब्लुएचओकी अफ्रिकाका लागि क्षेत्रीय स्वास्थ्य निर्देशक डा माट्सीडिसो मोएटीले अहिले विश्वव्यापी रुपमै कोविड-१९ को महामारी देखिए पनि विगत २ वर्षदेखि अफ्रिकी स्वास्थ्य संस्थासँग मिलेर इबोला प्रसार रोक्न विशेष रुपमा कार्य भइरहेको बताए ।

इबोला फैलिएको क्षेत्रमा विशेषज्ञ सहितको टोली पठाउन लागिएको पनि जानकारी दिए । डब्लुएचओले यसअघि नै एमबान्डाकामा स्वास्थ्यकर्मीको टोली पठाइसकेको छ भने कन्ट्याक्ट ट्रेसिङ (रोगी व्यक्तिको सम्पर्कमा आएका व्यक्तिको पहिचान) को काम भइरहेको जनाएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार कंगोमा इबोला देखिनुको अर्थ इबोला भाइरस कंगोका जंगली जनावरमा अद्यापी रहेको पुष्टि भएको छ ।

# मार्चयता पहिलोपटक स्पेनमा कोरोना संक्रमितको मृत्यु रोकियो

**म्याड्रिड, एजेन्सी**-युरोपेली मुलुक स्पेनमा मार्च महिनायता पहिलो पटक कोरोना भाइरसको संक्रमणका कारण २४ घण्टामा कुनै पनि व्यक्तिको मृत्यु नभएको अधिकारीहरुले बताएका छन् ।

आपतकालीन स्वास्थ्य सेवाका प्रमुख फर्नान्डो सिमोनले पछिल्लो स्वास्थ्य विवरण निकै बढी उत्साहप्रद रहेको बताए । पत्रकार सम्मेलनका क्रममा उनले २४ घण्टाका अवधिमा ७१ जना नयाँ संक्रमित व्यक्ति भेटिएको जानकारी पनि दिए । "संक्रमण नियन्त्रण र रोकथामका क्षेत्रमा निकै सुधार भएको देखिएको छ । सरकारका प्रयासहरु सही दिशातर्फ उन्मूख भएको यसले प्रष्ट बनाएको छ ।" स्पेनमा मार्च ३ मा पहिलो पटक दुई जनाको कोरोना संक्रमणबाट मृत्यु भएको थियो । त्यसको दुई दिनपछि अर्को व्यक्तिको ज्यान गएको थियो । त्यसयता स्पेनमा मृत्यु हुनेको संख्या नाटकीय रुपमा बढेको थियो। अप्रिल २ मा एकै दिन ९५० जनाको मृत्यु भएको थियो ।

देशभर कूल संक्रमित २ लाख ४० हजार व्यक्तिमध्ये २७ हजार १२७ जनाको मृत्यु भएको औपचारिक स्वास्थ्य विवरणमा देखिएको छ । शुरुआती दिनहरुमा युरोपेली मुलुक इटालीपछि स्पेन सर्वाधिक प्रभावित थियो। तर भाइरसका कारण फ्रान्स र बेलायतलाई पनि आक्रान्त बनाएको थियो । स्पेनमा मध्य मार्चमा सरकारले लकडाउनलाई अति कडा बनाएको थियो । तर अहिले परिस्थितिमा निकै सुधार आएसँगै लकडाउनमा खुकुलो बनाउन थालिएको छ ।


## Invitation for Bids

**Phalgunanda Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phaktep,Panchthar**
**1 No. Province, Nepal**

**Invitations of bids for Construction of Ghurbise Panchami Covered Hall Building.**

**Contract Identification No: PRM/NCB/WORKS-18/2076/077**
**Date of publication: 2020/06/03**

1. Phalgunanda Rural Municipality, Office of Rural Municipal Executive, Phaktep, Panchthar, Nepal invites electronic bids from Nepalese eligible bidders for the construction of for Construction of Ghurbise Panchami Covered Hall building National Competitive Bidding procedures. The estimated amount for the works is Rs19,883,898. (NINTEEN MILLION EIGHT HUNDRED AND EIGHTY THREE THOUSAND AND EIGHT HUNDRED NINETY EIGHT .(WITH VAT)
2. Eligible Bidders may be obtain Bidding Documents from PPMO e-gp system www.bolpatra.gov.np bidder\needs to submit their bid electronically by downloading the bidding document for e- submission from PPMO's e-GP system bidders submitting their bid electronically,should be deposite the cost of bidding document in the followinf Rajaswa account as specified below.
   Account Name: Phalgunanda rural municipal office.
   Name of bank: Nepal investment Bank, Rake branch.
   Cost of bid document : 3000.00
   Office account no: 06901400250047
3. Bid must be submitted through PPMO's e-GP System before 12 PM on 3rd, July 2020
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 3rd,July 2020 at the office of Phalgunanda Rural Municipality, Office of Rural Municipal Executive, Phaktep, Panchthar, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 500000 /- which shall be valid for 30 days beyond the validity period of the bid .
   Account Name: Phalgunanda rural municipal office.
   Name of bank: Nepal investment Bank, Rake branch.
   Bid security amount : 500000/-
   Office account no: 06901400250023
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

### जेठ २५ गतेसम्म कर दाखिला गर्न निर्देशन
# व्यवसायीहरू भन्छन्- न्यायोचित भएन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० जेठ

सरकारले आगामी जेठ २५ गतेभित्र कर दाखिला गर्नका लागि निर्देशन दिएको छ । आन्तरिक राजस्व विभागले आज एक सूचना जारी गर्दै अन्तिम पटक जेठ २५ गतेसम्म कर तिर्ने समयसीमा तोक्दै लकडाउन अवधि बढे पनि कर तिर्ने समय भने यथावत रहेको जनाएको हो ।

विभागले गत चैत, वैशाख र जेठ सम्ममा बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर, भ्याट, अन्तःशुल्क लगायतका सम्पूर्ण कर बुझाउन ताकेता गरेको हो । निर्धारित समयमा नै कर नबुझाए शुल्क, थप दस्तुर, व्याज, तथा जरिवाना लाग्ने समेत विभागले जनाएको छ ।

बैशाख १४ गतेको मन्त्रिपरिषद् बैठकले कर तिर्ने समय एक महिना थप्ने निर्णय गरेको थियो । त्यसपछि करको विषयमा सरकारले अर्को निर्णय गरेको छैन । तर, लकडाउन जेठ मसान्तसम्म जारी राख्ने निर्णय गरिसकेको छ ।

कारोना संक्रमणबाट उत्पन्न असहज परिस्थितिको समयमा सरकारले कर उठाउन ताकेता गरेकोमा उद्योगी व्यवसायीहरुले भने असन्तुष्टि जनाएका छन् । उद्योग र व्यवसाय बन्द रहेको अवस्थामा करका लागि दवाव दिनु न्यायोचित नभएको उनीहरुको भनाइ छ । लकडाउन खुकुलो बनाएर पहिले सुरक्षित रुपमा व्यवसाय गर्ने वातावरण बनाउनुपर्ने उद्योगी व्यवसायीको भनाइ छ ।

सामाजिक सञ्जालमा आफ्नो धारणा प्रस्तुत गर्दै उनीहरुले लकडाउन नखुलेको अवस्थामा कर उठाउने सूचना प्रकाशित गर्नु नाजायज भएको टिप्पणी गरेका छन् । नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष पशुपति मुरारका, वरिष्ठ उपाध्यक्ष शेखर गोल्छासहितका व्यवसायीले विभागको सूचनाको विरोध गरेका हुन् ।




विभागका अनुसार मूअ करतर्फ फागुन र चैतको मासिक, माघ र फागुनको द्वैमासिक र मंसिर-फागुन मसान्तको चौमासिक कर विवरण तथा त्यसअनुसारको कर दाखिला गर्ने अन्तिम म्याद जेठ २५ हो । यसैगरी, अन्तःशूल्कतर्फ फागुन र चैतको बुझाउनुपर्ने विवरण तथा त्यसअनुसारको अन्तःशूल्क दाखिलाको म्याद पनि जेठ २५ नै हो ।

विभागका अनुसार आयकर ऐनअनुसार फागुन र चैतमहिनाको बुझाउनुपर्ने अग्रिम कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउन म्याद पनि जेठ २५ नै हो । यस अवधिभित्रै कर दाखिला पनि गर्नुपर्छ । आयकर ऐन बमोजिम चैतमा बुझाउनुपर्ने चालू आवको संशोधित कर अनुमान र दोस्रो किस्ता बुझाउनुपर्ने म्याद जेठ मसान्त हो । यसबाहेक फागन र चैतको शिक्षा सेवा शूल्क, टेलिफोन स्वामित्व शूल्क र दुरसञ्चार सेवा दस्तुर जेठ २५ सम्ममै बुझाउनुपर्ने छ ।

# केन्द्रीय बैंकले ल्यायो पुनःकर्जा कार्यविधि

**काठमाडौं/मस-** नेपाल राष्ट्र बैंकले साना, लघु र घरेलु साना उद्यमका लागि रु १५ लाखसम्मको पुनःकर्जा दिन सकिने प्रावधानसहितको पुनःकर्जा कार्यविधि, २०७७ ल्याएको छ । कोरोना भाइरसका कारण मुलुकको अर्थतन्त्रमा परेको प्रभावलाई न्यून गर्दै उद्यम व्यवसायलाई प्रभावकारीरूपमा पुनः अगाडि बढाउने लक्ष्यका साथ केन्द्रीय बैंकले उक्त कार्यविधि ल्याएको हो ।



बैंकले लघु, घरेलु तथा साना उद्यम, विशेष र साधारण गरी तीन प्रकारका पुनःकर्जा लिन सकिने गरी प्रबन्ध गरेको छ । लघु, घरेलु तथा साना उद्यमका लागि केन्द्रीय बैंकले दुई प्रतिशत ब्याजदरमा बैंक तथा वित्तीय संस्थालाई ऋण उपलब्ध गराउने छ ।

बैंक तथा वित्तीय संस्थाले पाँच प्रतिशत ब्याज लिएर त्यस्तो कर्जा प्रवाह गर्न सक्नेछन् । यस्तै विशेष पुनःकर्जामा राष्ट्र बैंकले एक प्रतिशतमा रकम दिनेछ । सो रकममा बैंक तथा वित्तीय संस्थाले तीन प्रतिशत ब्याज लिन सक्नेछन् । साधारण पुनःकर्जामा राष्ट्र बैंकले तीन प्रतिशत ब्याजदरमा रकम दिनेछ । त्यस्तो रकम बैंक तथा वित्तीय संस्थाले पाँच प्रतिशतसम्म ब्याज लिएर लगानी गर्न पाउनेछन् ।

पुनःकर्जा कोषको सीमा सञ्चालक समितिले समय निर्धारण गरेबमोजिम हुनेछ । केन्द्रीय बैंकका अनुसार प्रतिग्राहक रु १५ लाखसम्मको लघु, घरेलु तथा साना उद्यम पुनःकर्जा, रु १० करोडसम्मका विशेष पुनःकर्जा र साधारण पुनःकर्जा इजाजतपत्र प्राप्त क, ख र ग वर्गका इजाजतप्राप्त संस्थालाई एकमुष्टरूपमा प्रदान गरिनेछ ।

राष्ट्र बैंकको निर्देशनानुसार बैंक तथा वित्तीय संस्थाले समय तोकेर कर्जाका लागि आह्वान गर्नेछ । तोकिएको कागजातसहित ग्राहकले बैंकका सम्बन्धित शाखामा निवेदन दिनुपर्नेछ । निवेदन प्राप्त भएको एक महिनाभित्र उक्त पुनःकर्र्जासम्बन्धी निर्णय गरिनेछ । बैंकका प्रतिशाखा पाँच ग्राहकले मात्रै त्यस्तो कर्जा सुविधा प्राप्त गर्न सक्नेछन् ।

यस्तै उद्योगको सञ्चालन अवस्था राम्रो रहेको वा विगत तीन वर्षको मुनाफा हेर्दा औषतमा प्रतिवर्ष पूँजीमा प्रतिफल २० प्रतिशत वा सोभन्दा बढी रहेको उद्योग व्यवसायले भने त्यस्तो कर्जा पाउने छैनन् । चुरोट, सिगार, सुर्ती, खैनी, गुट्खालगायत सूर्तीजन्य उद्योग व्यवसाय र मदिरा तथा मदिराजन्य उद्योग व्यवसायलाई प्रवाह भएका कर्जासमेत अयोग्य हुनेछ ।

# सुनवलमा दैनिक १६ घण्टा खानेपानी वितरण



**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, २० जेठ

लकडाउनको सदुपयोग गर्दै सुनवल खानेपानी उपभोक्ता तथा सरसफाई संस्था पश्चिम नवलपरासीका पदाधिकारी तथा कर्मचारीहरु यतिवेला दिनरात नभनी खानेपानीको मर्मत तथा सरसफाईमा जुटेका छन् । सुनवल नगरबासीलाई शुद्ध खानेपानीको पहुँच पुऱ्याउन र कोही पनि नागरीक खानेपानीबाट बञ्चित बुन नदिनको लागि उनीहरुले सामाजिक दुरी कायम गर्दै करिव २ महिनादेखिनै खानेपानीको पाइपलाइन मर्मत, नयाँ पाइपलाइन जडान, पानीको मुहानसम्म पुग्नका लागी वाटो निर्माण लगाएतका काममा गरिरहेका छन् । सुनवल नगरपालिकाको वडा नं. ४ स्थित खानेपानीको मुहान घैयाबारी, विहारी र समयटोलासम्म बाटो निर्माण गरेको संस्थाले जनाएको छ ।

शुद्ध खानेपानी कसरी सहज र सुलभ तरिकाले उपभोक्ता माझ पुऱ्याउन सकिन्छ भन्ने उद्देश्य अनुरुप गत वर्षको फागुन १० गते निर्वाचित समितिले पहिला मुहानदेखिनै कम पानी आउनुको अध्ययन गर्दै प्राविधिकको सल्लाहअनुसार मर्मत गर्ने, पाइपलाइन सफाई गर्ने लगायतका कामहरु गर्दा अहिले ४/४ लाख लिटरका दुई वटा ट्यांकी ७ घण्टामै भरिने गरेको छ । पहिला डेढदेखि दुई लिटर प्रति सेकेन्ड पानी आउने गरेकोमा सरसफाई र पाइपलाइन बिस्तार गरेपछि अहिले प्रति सेकेन्ड ३० देखि ३२ लिटर पानी रिजर्व ट्यांकी आउने गरेको र जसले गर्दा करिब ३ हजार उपभोत्तालाई दैनिक १६ घण्टा पानी वितरण भइरहेको संस्थाका अध्यक्ष खड्क बस्नेतले जानकारी दिए ।

सुनवल नगरपालिका वडा नम्वर ४ स्थित गेरादी खोलाको प्राकृतिक मुलको दोस्रो चरणको वैकल्पिक पाइपलाइन विस्तारको कामसमेत खानेपानी संस्थाले सम्पन्न गरिसकेको छ । जसबाट उपभोत्तालाई चुनाबाट पर्ने प्रभावलाई न्यूनिकरण गर्न र त्यसबाट पानीमा हुने आपूर्तिको अवरोधलाईसमेत हटाउन र एउटा पाइपलाइनमा अवरोध आए अर्कोबाट पानी आपूर्ति गराउने उद्देश्यका साथ वैकल्पिक पाइपलाइन विस्तार गरेको अध्यक्ष बस्नेतले बताए । उक्त खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले सुनवल नगरपालिकाका १, २, ३, ४, ६ र १० गरी ६ वटा वडाहरुमा सेवा प्रदान गर्दै आएको छ ।

उक्त संस्थामा पुरानै ऋण ३ करोड ७६ लाख रहेको र त्यो ऋणको व्याज किस्ता, मर्मत सम्भार र नयाँ धारा जडानसमेत गर्नुपर्ने भएकाले चुनौतीपूर्ण आर्थिक पाटोलाई सहज गराउन संस्थामा हुने चुहावट रोक्ने, खर्चलाई कम भन्दा कम गर्ने, संस्थामा अरुले गर्ने ठेक्कापट्टाको काम संस्था अफैले गर्ने र त्यसबाट वचेको रकमलाई संस्थाको अन्य काममा लगाउने योजना अनुरुप संस्था अगाडी वढेको अध्यक्ष बस्नेतको भनाइ छ ।

त्यस्तै समितिले नयाँ धारा जडान र मासिक शुल्कमासमेत मूल्य समायोजन गरेको छ । पहिला नयाँ धारा जडान गर्दा रु १५ हजार र मासिक न्युनतम शुल्क १ सय ५० थियो भने अहिले धारा जडामा १० हजार र मासिक न्युनतम शुल्क ५० रुपौया मात्र कायम गरिएको अध्यक्ष बस्नेतले बताए । त्यति मात्रै नभई एकमुष्ट धारा जडान गर्न नसक्नेहरुको लागी किस्तामासमेत वुझाउन पाउने व्यावस्था र अति विपन्नलाई निशुल्कसमेत धारा जडान गर्ने तयारी रहेको अध्यक्ष वस्नेतको भनाइ छ ।

संस्थामा सुनवल नगरपालिले आवश्यक सम्पूर्ण किसिमको सहयोग गर्ने प्रतिवद्धता दिएकाले वर्तमान समितिकै कार्यकालमा सुनवल नगरवासीहरु सवैको घरमा शुद्ध खानेपानीको पहुँच पुऱ्याउने संस्थाले लक्ष्य लिएको बताइएको छ ।

# बीमितहरुले आफ्नो विवरण आफैं हेर्न मिल्ने

Citizen Life Insurance

**काठमाडौं/मस-** सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले लकडाउनको समयमा बीमितहरुले घर बसेरै सिटिजन लाइफ इन्स्योरेन्सको मोबाइल एपमार्फत आफ्नो विवरण आफै हेर्न सकिने सेवा सुरु गरेको छ ।

सिटिजन लाइफको एप सजिलै प्ले स्टोरबाट डाउनलोड गर्न सकिन्छ। त्यहाँबाट लग इनमा गएर पोलिसी होल्डर छनोट गरी आफ्नो पोलिसी नम्बर र पासवर्ड राखेर आफ्नो सम्पूर्ण विवरण हेर्न सकिने कम्पनीले बताएको छ ।

यस एप मार्फत बीमितले लिएको बीमा योजना, कुल बीमाङ्क रकम, आफुले अहिलेसम्म तिरेको बीमा शुल्कको विवरण साथै भविष्यमा कहिले र कति नवीकरण शुल्क तिर्नपर्छ भन्ने कुराको सम्पूर्ण जानकारी लिन सकिन्छ ।

साथै सिटिजन लाइफको यस एपमा बीमा शुल्क सहितको प्रिमियम शुल्क गणना गर्ने प्रिमियम क्यालकुलेटर सुविधा, कम्पनीको सम्पूर्ण योजनाहरुबारे विस्तृत जानकारी र कम्पनीको सबै शाखा कार्यालयहरुको विवरण पनि दिइएको कम्पनीले जानकारी दिएको छ ।

# बैंक अफ काठमाण्डूद्वारा वीर अस्पताललाई पीपीई सहयोग

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

**काठमाडौं/मस-** बैंक अफ काठमाण्डू लिमिटेडले आफ्नो संस्थागत सामाजीक उत्तरदायित्व नीति अन्तर्गत वीर अस्पताललाई २०० थान व्यक्तिगत सुरक्षात्मक उपकरण (पीपीई) प्रदान गरेको छ ।

बैंक चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान बीर अस्पतालका उप कुलपति प्रा. डा. देव नारायण शाहलाई एक कार्यक्रमकाबीच पीपीई प्रदान गरिएको हो । जसअन्तर्गत बैंकले २०० थान पीपीई, २०० थान मास्क र २०० थान फेस सील्डहरु दिएको हो ।

यी स्वास्थ्य सामाग्री यो महामारीको समयमा संक्रमण नियन्त्रणको अग्रस्थानमा रहेका स्वास्थ्यकर्मिहरुको सुरक्षामा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**